लोक सेवा आयोग

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, आर्थिक प्रशासन, राजश्व, सातौं, वरिष्ठ अधिकृत पदको

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०४।२६

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषयः सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" — ६० अङ्क

१. लेखांकनमा हुनसक्ने सम्भाव्य त्रुटिहरू के-के हुन्? बैंक हिसाब समायोजन लगायतका कुन-कुन विधिबाट त्रुटि समाधान गर्न सकिन्छ? उल्लेख गर्नुहोस् । २.५+२.५=५

२. नेपाल नागरिक उड्डयन प्राधिकरणको राजश्वका प्रमुख स्रोतहरू र सोको व्यवस्थापनबारे छोटकरीमा लेख्नुहोस् । २.५+२.५=५

३. नेपालको संघीय बजेट तर्जुमा प्रकृयाबारे छोटकरीमा उल्लेख गर्नुहोस् । साथै बजेटले निर्दिष्ट गरेको लक्ष्य प्राप्तिको लागि बजेट तर्जुमामा के सुधार आवश्यक देख्नुहुन्छ? सुझाव दिनुहोस् । ५+५=१०

४. सुधारिएको प्रोदभावी लेखांकन प्रणालीका प्रमुख विशेषताहरू के-के हुन्? नगदमा आधारित र प्रोदभावी लेखांकनभन्दा सुधारिएको लेखाप्रणालीको आवश्यकताको सान्दर्भिकताबारे चर्चा गर्नुहोस् । ५+५=१०

५. वित्तीय लेखांकन र व्यवस्थापन लेखांकनबीचको फरक र अन्तरसम्बन्धबारे चर्चा गर्नुहोस् । नेपालका सार्वजनिक संस्थाहरूमा यसको प्रयोग कसरी भएको छ? लेख्नुहोस् । ५+५=१०

६. लेखांकन नीतिहरू (Accounting Policies) भन्नाले के बुझ्नुहुन्छ? यी नीतिहरू किन आवश्यक पर्दछन्? जिन्सी व्यवस्थापन र मूल्यांकनमा कुन नीति अपनाउन सकिन्छ? उदाहरणसहित व्याख्या गर्नुहोस् । ५+५=१०

७. नगद प्रवाह विवरण (Cash Flow Statement) को बारेमा स्पष्ट पार्नुहोस् । Liquidity Ratio र Profitability Ratio ले कसरी कम्पनीको आर्थिक अवस्था झल्काउँदछ? उदाहरणसहित उल्लेख गर्नुहोस् । ४+६=१०

## खण्ड "ख" — ४० अङ्क

८. आयकर ऐन, २०५८ बमोजिम कस्ता संस्थालाई कर छुट दिने व्यवस्था छ? उल्लेख गर्नुहोस् । ५

९. नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को बजेटका प्रमुख विशेषताहरू लेख्नुहोस् । ५

१०. नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक प्रशासनसम्बन्धी नियमावलीअनुसार हानी नोक्सानी असूल उपर गर्ने सम्बन्धमा भएको व्यवस्था उल्लेख गर्नुहोस् । हानी नोक्सानी कम गराउनको लागि गर्नुपर्ने सुधारहरू के-के हुन सक्छन्? प्रस्तुत गर्नुहोस् । ५+५=१०

११. नेपाल लेखामान (Nepal Accounting Standards, NAS) को परिचय दिनुहोस् । यसको महत्व र प्रयोगको बारेमा संक्षिप्तरूपमा उल्लेख गर्नुहोस् । ४+६=१०

१२. नेपाल नागरिक उड्डयन प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण कसले गर्छ? प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली र भरपर्दो आन्तरिक लेखापरीक्षणले अन्तिम लेखापरीक्षणलाई प्रभावकारी बनाउन कसरी सहयोग पुऱ्याउँछ? उदाहरणसहित उल्लेख गर्नुहोस् । ३+७=१०

:: समाप्त ::